# फाकफोकथुम गाउंपालिकाको आर्थिक ऐन, २०७८

गाउं सभाबाट स्वीकृत मितिः-२०७८।६।१८

फाकफोकथुम गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय

इलाम जिल्ला

प्रदेश नं. १

# फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन, २०७८

गाउंसभाबाट स्वीकृत मितिः २०७८।०६।१८

प्रमाणिकरण मितिः २०७८।०६।१९

**फाकफोकथुम गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावना** : फाकफोकथुम गाउंपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम फाकफोकथुम गाउंपालिकाको गाउं सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम फाकफोकथुम गाउँपालिकाको आर्थिक ऐन, २०७७ रहेको छ ।
(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि फाकफोकथुम गाउंपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर** : गाउंपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाई असुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउंपालिका क्षेत्रभित्र एकिकृत अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउंपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : गाउंपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्रप्त गरी स्थापित उद्योग, व्यापार, व्यावसाय, सेवा र अन्य व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउंपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक करोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : गाउंपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो सम्बन्धि अन्य व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउंपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो सम्बन्धि अन्य व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : गाउंपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो सम्बन्धि अन्य व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

**१०. बहाल बिरौटी शुल्क** : गाउंपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** : गाउंपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर रयाफ्टीङ्ग शुल्क:** गाउंपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर रयाफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर** : गाउंपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क** : गाउंपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६.** यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट कायम गरिनेछ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउंपालिकाले तोके अनुसार हुनेछ ।

१८. **अन्य व्यावस्था:** गाउँपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्रीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

अनुसुची-१
दफा ३ संग सम्बन्धित
मालपोत दररेट

| सि.नं. | विवरण | दर रु. | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| १ | क वर्गको जग्गा तीन रोपनीसम्म | २०.०० | बार्षिक १० प्रतिशत | विगत बर्षहरुको बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| २ | क वर्गको जग्गा तीन रोपनी भन्दा बढी (प्रति रोपनी) | ७.०० | | |
| ३ | ख र ग वर्गको जग्गा १० रोपनीसम्म न्यूनतम | २५.०० | | |
| ४ | ख र ग वर्गको जग्गा १० रोपनी भन्दा बढी (प्रति रोपनी) | ५.०० | | |

मालपोत दस्तुर सम्बन्धि जग्गाको बर्गिकरण

| वर्ग | विवरण |
|---|---|
| क वर्ग | क) रवि-रांके सडकमा पर्ने पुरानो पंचमी, पंचमी, दशमी, उत्तरे, ससमी, रवी सडकले दायां बायां छुने कित्ताहरु । |
| | ख) आमचोक क्षेत्रः प्रहरी चौकी आमचोक माथिको (मिल चोक) देखि-शुक्रबारे बजार-पासाङ ल्हामु संस्थाको भवन हुंदै प्लटिङ-सिंहदेवी मा.वि. को दक्षिण तर्फबाट कार्कीको घर हुंदै ठुलो खोल्सी सम्मको सडकले दायां बायां छुने कित्ताहरु । |
| | ग) वडा नं. ६ र २ को सिमाना फलांटे बजार-पसल-भञ्ज्यांग-हुंदै फुस्रे भञ्ज्यांगसम्मको सडकले छुने दायां बायांका सम्पुर्ण कित्ताहरु । |
| | घ) वडा नं. ६ र ७ को शिकारी भञ्ज्यांग अन्तर्गत नेपाल चोक देखि बालकृष्ण डांडा- आयुर्वेद औषधालय-प्लटिङ हुदै तीर्थ मिश्रको घरसम्मको सडकले छुने दायां बायांका सम्पुर्ण कित्ताहरु र शिकारी भञ्ज्यांगदेखि दोभानसम्मको रांके-गैंडे सडकले छुने दायां वायांका सम्पुर्ण कित्ताहरु । |
| | ङ) वडा नं. ७ को वडा कार्यालय भवनबाट ५०० मिटर वरिपरीका सम्पुर्ण कित्ताहरु । |
| | च) फुएतप्पा क्षेत्रः CAA भवनदेखि डांडा घरसम्मको सडकको छुने दायां बायांका सम्पुर्ण कित्ताहरु। |
| | छ) लुम्दे क्षेत्रः पोखरीदेखि हेमसागरको घरसम्मको सडकले छुने दायां बायांका सम्पुर्ण कित्ताहरु । |
| | ज) वडा नं. ६ को वडा कार्यालय रहेको स्थानबाट ५०० मिटर वरिपरि रहेका जग्गाका सम्पुर्ण कित्ताहरु । |
| ख वर्ग | क) सवारी साधन गुड्ने सडकले दायां बायां छोएका सम्पुर्ण कित्ताहरु । |
| ग वर्ग | क) माथि उल्लेखित क र ख वर्गमा नपर्ने सम्पुर्ण कित्ताहरु । |

अनुसुची-२
दफा ४ संग सम्बन्धित
घर वहाल कर

| सि.नं. | विवरण | ०७५।७६ को दररेट |
|---|---|---|
| १ | घर वहाल कर | १ प्रतिशत |

अनुसुची-३
दफा ५ संग सम्बन्धित
व्यबसाय कर

| सि. नं. | व्यबसायको किसिम | करदर |
|---|---|---|
| १ | निर्माण सामाग्री हार्डवेयर | १०००.०० |
| २ | बिधुतीय सामाग्री | ८००.०० |
| ३ | किराना (खाध सामाग्री) | ५००.०० |
| ४ | कपडा पसल | ५००.०० |
| ५ | ज्वेलरी (सुन चांदी) पसल | १०००.०० |
| ६ | उत्पादनमुलक उधोग | २५००.०० |
| ७ | उर्जामुलक उधोग | २०००.०० |
| ८ | वनजन्य उधोग | १५००.०० |
| ९ | कृषिजन्य उधोग | १०००.०० |
| १० | खनिज उधोग | ३०००.०० |
| ११ | होटल | १०००.०० |
| १२ | चियानास्ता पसल | ८००.०० |
| १३ | निर्माण उधोग | ५०००.०० |
| १४ | नर्सिङ्ग होम तथा गै.स. अस्पताल | २५००.०० |
| १५ | क्लिनिक तथा ल्याब | १५००.०० |
| १६ | मर्मत संभार सवारी साधन | २०००.०० |
| १७ | मर्मत संभार घडी रेडियो | १०००.०० |
| १८ | व्युटि पार्लर/सैलुन | १०००.०० |
| १९ | डेस्कटप तथा फोटो स्टुडियो | १०००.०० |
| २० | मासु पसल | १०००.०० |
| २१ | टेलरिङ्ग | १०००.०० |
| २२ | भाडाकुडा बिक्रेता | १०००.०० |
| २३ | फर्निचर बिक्रेता | १५००.०० |
| २४ | एग्रोभेट सेन्टर | १०००.०० |
| २५ | स्टेशनरी तथा पत्रपत्रिका | १०००.०० |
| २६ | जुत्ता चप्पल खरीद बिक्री | १०००.०० |
| २७ | राइस मिल | १०००.०० |
| २८ | सहकारी संस्था | १०००.०० |
| २९ | ईंटा उधोग | २५००.०० |
| ३० | कम्प्युटर प्रशिक्षण केन्द्र | १०००.०० |
| ३१ | गाडीबाट व्यबसाय गर्ने प्रति गाडी प्रतिदिन | २००.०० |
| ३२ | दुध डेरी दर्ता | १०००.०० |
| ३३ | घरेलु तथा साना उधोग दर्ता | १०००.०० |

| | | |
|---|---|---|
| ३४ | सप्लायर्स दर्ता शुल्क | १५००.०० |
| ३५ | स-मिल दर्ता | ५०००.०० |
| ३६ | कृषि तथा उधमी सहकारी दर्ता | १०००.०० |
| ३७ | बचत तथा ऋण सहकारी दर्ता | १५००.०० |
| ३८ | बहुउदेश्य सहकारी दर्ता | २०००.०० |
| ३९ | अस्पताल | ५०००.०० |
| ४० | पोलिक्लिनिक | २५००.०० |
| ४१ | फार्मेसी सम्बन्धि पसल | १५००.०० |
| ४२ | ल्याव प्रयोगशाला सहित | १५००.०० |
| ४३ | ल्याव फेर्मेसी | २५००.०० |
| ४४ | डेन्टल क्लिनिक | १०००.०० |
| ४५ | चस्मा पसल | १०००.०० |
| ४६ | जिम हाउस | २०००.०० |
| ४७ | होटेल गेष्ट हाउस | २०००.०० |
| ४८ | रेष्टुरेन्ट | १५००.०० |
| ४९ | पार्टी प्यालेस दर्ता | ३०००.०० |
| ५० | क्याटरिङ/टेन्ट हाउस | ३०००.०० |
| ५१ | पुल हाउस दर्ता | २५००.०० |
| ५२ | छापाखाना दर्ता | २५००.०० |
| ५३ | आर्ट पसल | १०००.०० |
| ५४ | मोवाइल मर्मत पसल | १०००.०० |
| ५५ | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | १०००.०० |
| ५६ | फोटोगाफर तथा गाफिक्स भिडियो | १०००.०० |
| ५७ | कस्मेटिक्स पसल तथा व्युटीपार्लर | १०००.०० |
| ५८ | स्टेशनरी तथा खेलकुद सामाग्री पसल दर्ता | १०००.०० |
| ५९ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विधालय बाहेक) | १०००.०० देखि ५०००.०० |
| ६० | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विधालय बाहेक) नविकरण | २५००.०० |
| ६१ | थोक बिक्रेता दर्ता | २०००.०० |
| ६२ | थोक बिक्रेता नविकरण | १०००.०० |
| ६३ | अन्य व्यबसाय दर्ता | १०००.०० |
| ६४ | अन्य व्यबसाय नविकरण | ५००.०० |
| ६५ | गैर सरकारी संस्था दर्ता | १०००.०० |
| ६६ | गैर सरकारी संस्था दर्ता नविकरण | ५००.०० |
| ६७ | पुर्व प्राथमिक विधालय | १०००.०० |
| ६८ | पुर्व प्राथमिक विधालय नविकरण | ५००.०० |
| ६९ | आधारभुत विधालय | १५००.०० |
| ७० | आधारभुत विधालय नविकरण | ७००.०० |
| ७१ | माध्यमिक विधालय | २०००.०० |
| ७२ | माध्यमिक विधालय नविकरण | १०००.०० |

| | | |
|---|---|---|
| ७३ | क्याम्पस | ३०००.०० |
| ७४ | क्याम्पस नविकरण | १५००.०० |
| ७५ | हाइड्रोपावर कम्पनी दर्ता | ५०००.०० |
| ७६ | हाइड्रोपावर कम्पनी नविकरण | २५००.०० |
| ७७ | साना जलविधुत आयोजना दर्ता | २५००.०० |
| ७८ | साना जलविधुत आयोजना नविकरण | १३००.०० |
| ७९ | क वर्गको वाणिज्य बैंक दर्ता | ५०००.०० |
| ८० | क वर्गको वाणिज्य बैंक नविकरण | २५००.०० |
| ८१ | ख वर्गको विकास बैंक दर्ता | ४०००.०० |
| ८२ | ख वर्गको विकास बैंक नविकरण | २०००.०० |
| ८३ | फाइनान्स कम्पनी दर्ता | ३०००.०० |
| ८४ | फाइनान्स कम्पनी नविकरण | १५००.०० |
| ८५ | लघुवित्त विकास बैंक दर्ता | २५००.०० |
| ८६ | लघुवित्त विकास बैंक नविकरण | १३००.०० |
| ८७ | सहकारी संस्था दर्ता | १०००.०० |
| ८८ | सहकारी संस्था नविकरण | ५००.०० |

## अनुसुची-४
## दफा ६ संग सम्बन्धित
## जडिबुटी, कवाडी र जीवजन्तु कर

१. प्रचलित कानूनले निषेध गरेको बाहेकका जडिबुटीहरु वनबाट संकलन गर्न चाहनेले सम्बन्धित निकायबाट अनुमती लिनका लागि वन नियमावलीमा उल्लेखित दस्तुर बुझाउनु पर्नेछ ।

## अनुसुची-५
## दफा ७ संग सम्बन्धित
## विज्ञापन कर

| | | |
|---|---|---|
| १. | फाकफोकथुम गाउंपालिका क्षेत्रमा व्यबसायिक प्रयोजनका लागि राखिने होडिङ बोर्डमा बार्षिक प्रति वर्ग फुट | २५.०० |

## अनुसुची-६
## दफा ८ संग सम्बन्धित
## वहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १. | वहाल बिटौरी शुल्क प्रति वर्गफुट | ५.०० |

## अनुसुची-७
## दफा ९ संग सम्बन्धित

पार्किङ शुल्क

| | | |
|---|---|---|
| १. | निजी तथा भाडाका कार, जिप, भ्यान, पिकअप समेत | २५.०० |
| २. | निजी तथा भाडाका ट्याक्टर, बस, ट्रक समेत | ४०.०० |
| ३. | हेभी गाडीहरु डोजर, क्रेन, एक्साभेटर, लोडर आदि | ५०.०० |

अनुसुची-८
दफा १० संग सम्बन्धित
ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी, जम्पिङ्ग, जिपफ्लायर रयाफ्टीङ्ग शुल्क

(गाउं कार्यपालिकाको निर्णय अनुसार हुने)

अनुसुची-९
दफा ११ संग सम्बन्धित
सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | ०७७।७८ को करदर |
|---|---|---|
| १ | छात्रवृति सिफारिस | २००.०० |
| २ | जग्गाधनी पुर्जा हराएको सिफारिस | २००.०० |
| ३ | जिवित रहेको सिफारिस | २००.०० |
| ४ | धारा जडान सिफारिस | २००.०० |
| ५ | अदालत शुल्क मिनाहा सिफारिस | २५.०० |
| ६ | अपांग सिफारिस | निशुल्क |
| ७ | अविवाहित प्रमाणित | २००.०० |
| ८ | अव्यबस्थित बसोबास सिफारिस | २००.०० |
| ९ | अस्थाई बसोबास सिफारिस | २००.०० |
| १० | आन्तरीक बसाईसराई सिफारिस | २००.०० |
| ११ | आर्थिक अबस्था सम्बन्धि सिफारिस (कमजोर) | निशुल्क |
| १२ | आर्थिक अबस्था सम्बन्धि सिफारिस (बलियो) | ५००.०० |
| १३ | उधोग ठाउंसारी सिफारिस | ५००.०० |
| १४ | कागजात/मञ्जुरीनामा प्रमाणित | २००.०० |
| १५ | कित्ताकाट सिफारिस | २००.०० |
| १६ | कोठा खोल्ने रोहवर बस्ने सिफारिस | २००.०० |
| १७ | क्याम्पस खोल्न सिफारिस (निजी) | ३०००.०० |
| १८ | घरजग्गा नामसारी सिफारिस | २००.०० |
| १९ | घरबाटो प्रमाणित | |
| | क वर्ग क्षेत्र | ४००.०० |

| | | |
|---|---|---|
| | ख वर्ग क्षेत्र | ३००.०० |
| | ग वर्ग क्षेत्र | २००.०० |
| २० | छुट जग्गा दर्ता सिफारिस | १०००.०० |
| २१ | नावालक सम्बन्धि सिफारिस | १००.०० |
| २२ | निशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| २३ | पेन्सन पट्टा सिफारिस | २००.०० |
| २४ | फरक फरक जन्म मिति नाम थर सिफारिस | २००.०० |
| २५ | फोटोटांस सिफारिस | २००.०० |
| २६ | बसाई सराई सिफारिस | २००.०० |
| २७ | विधुत जडान सिफारिस (उधोग/व्यवसाय) | ५००.०० |
| २८ | विधुत जडान सिफारिस (घरायसी) | २००.०० |
| २९ | विपन्न विधार्थी सिफारिस | निशुल्क |
| ३० | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | १००.०० |
| ३१ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५०.०० |
| ३२ | व्यक्तिगत तथा चारित्रिक विवरण सिफारिस | २००.०० |
| ३३ | व्यबसाय दर्ता सर्जमिन | ३००.०० |
| ३४ | व्यबसाय बन्द सिफारिस | २००.०० |
| ३५ | व्यबसाय संचालन नभएको सिफारिस | २००.०० |
| ३६ | संरक्षक प्रमाणित तथा सिफारिस | २००.०० |
| ३७ | सरकारको नाममा बाटो कायम सिफारिस | २००.०० |
| ३८ | स्थायी बसोबास सिफारिस | २००.०० |
| ३९ | हकदार प्रमाणित | २००.०० |
| ४० | घर कायम सिफारिस | |
| | पक्की घर | ४००.०० |
| | खपडा वा घर टिन घर | २००.०० |
| | फुस घर | १००.०० |
| ४१ | सर्जमिन मुचुल्का दस्तुर | ५००.०० |
| ४२ | बसाई सरी जांदा सामान लैजाने सिफारिस दस्तुर | |
| ४३ | व्यबसाय बन्दको सिफारिस | |
| ४४ | अन्य सिफारिस | २००.०० |
| ४५ | अंग्रेजी भाषामा सिफारिस | ३००.०० |
| ४६ | तिरोबारी भित्रको रुख काट्ने सिफारिस दस्तुर प्रति रुख | २०.०० |
| ४७ | चार किल्ला प्रमाणित | |
| | मोटरबाटोले छुने | ३००.०० |
| | मोटरबाटोले नछुने | २००.०० |
| ४८ | नरबढी तथा छुट जग्गा दर्ता | ५००.०० |

| | | |
|---|---|---|
| ४९ | चारित्रिक प्रमाण पत्र सिफारिस | २००.०० |
| ५० | परिवार कायम सिफारिस | ३००.०० |
| ५१ | सम्पती/आय मुल्यांकन सिफारिस (प्रति लाख) | ०.१ प्रतिशत |
| ५२ | उधम व्यवसाय संचालन दर्ता सिफारिस | ३००.०० |
| ५३ | विधुत/टेलिफोन सिफारिस | |
| | घर तथा सार्वजनिक प्रयोजन | २००.०० |
| | घरेलु उधोग | ५००.०० |
| | ठुला उधोग | १०००.०० |
| ५४ | बैदेशिक रोजगारी सिफारिस | २००.०० |
| ५५ | पेन्सन पट्टा सिफारिस | |
| | स्वदेशी | २००.०० |
| | विदेशी | ५००.०० |
| ५६ | अंशियार प्रमाणित सिफारिस सदस्तुर | ३००.०० |
| ५७ | मोहि लगत कट्टा | २००.०० |
| ५८ | व्यक्तिगत घटना दर्ता प्रमाणित | २००.०० |
| ५९ | जन्म मिति संशोधन सिफारिस | २००.०० |
| ६० | पेट्रोल पम्प दर्ता इजाजत पत्र सिफारिस | २०००.०० |
| ६१ | गैसस दर्ता | १०००.०० |
| ६२ | गैसस नविकरण | |
| | आ.ब. को आश्विन मसान्त सम्म | ३००.०० |
| | आ.ब. को असार मसान्त सम्म | ५००.०० |
| | आ.ब. समाप्त भएपछि प्रत्येक आ.ब. को थप | ५००.०० |
| ६३ | खाता बन्द सिफारिस | २००.०० |
| ६४ | पदपुर्तीको लागि परीक्षा दस्तुर तथा फारम शुल्क | |
| | अधिकृत स्तर | ८००.०० |
| | रा.प.अन. प्रथम वा सो सरह | ५००.०० |
| | रा.प.अन. द्धितीय वा सो सरह | ४००.०० |
| | श्रेणी विहिन | ३००.०० |
| ६५ | सामुदायिक वनबाट समुह बाहिर बिक्री हुने काठ प्रति क्यू.फिट | |
| | साल जात | १०.०० |
| | अन्य जात | ५.०० |
| ६६ | इजाजत पत्रको दर्ता तथा नविकरण शुल्क | |
| | घ वर्गको निर्माण व्यबसाय दरखास्त | २०००.०० |
| | घ वर्गको निर्माण व्यबसाय दर्ता | ८०००.०० |
| | घ वर्गको निर्माण व्यबसाय नविकरण प्रत्येक बर्ष | ५०००.०० |

| | | | |
|---|---|---|---|
| | घ वर्गको निर्माण व्यवसाय ठाउंसारी | २५००.०० | |
| | घ वर्गको निर्माण नाम परीवर्तन | १५००.०० | |
| ६७ | नागरिकता सिफारिस | | |
| | वंशज | २००.०० | |
| | अंगिकृत | ५००.०० | |
| | नागरिकता प्रतिलिपी | २००.०० | |
| ६८ | नाता प्रमाणित | २००.०० | |
| ६९ | नामथर संशोधन | २००.०० | |
| ७० | गाउंपालिकाको दररेट उतार दस्तुर | ५००.०० | |
| ७१ | गाउंपालिका पार्श्वचित्र प्रति पुस्तक | ५००.०० | |
| ७२ | लेखापरीक्षक सुचिकृत शुल्क | ५००.०० | |
| ७३ | विधालय खोल्न तथा कक्षा बृद्धि अनुमति | | |
| | पुर्व प्राथमिक तह (निजी) | १०००.०० | |
| | आधारभुत तह (निजी) | १५००.०० | |
| | माध्यमिक तह (निजी) | २०००.०० | |
| ७४ | विधालय प्रतिकक्षा थप | ५००.०० | |
| ७५ | विधालय ठाउँ सारी | २०००.०० | |
| ७६ | विधालय नाम परिवर्तन | १०००.०० | |
| ७७ | स्थलगत सर्जमिन | ३००.०० | |
| ७८ | २०७७/७८ का लागि घरको नक्शा पास गर्न र अभिलेखिकरण गर्नका लागि तपसिल अनुसारको शुल्क निर्धारण गर्ने | प्रति वर्ग फुट नक्सापासको लागि | प्रति वर्ग फुट अभिलेखीकरणको लागि |
| | बांसको बाराबेरा गरी माटोको लिउन गरेको/नगरेको र प्लाष्टिक/खर /कर्कटपाटाको छाना भएको | ०.३५ | ०.२५ |
| | ईटा/ढुंगामा माटोको जोडाई गरी बांस/काठ/सिमेन्टले बाराबेरा गरी प्लाप्टिक/खर /कर्कटपाताको छाना भएको | २.५० | १.५० |
| | कर्कटपाताको छाना भएको काठको घर | ३.०० | २.०० |
| | ईटा, ढुंगासंग सिमेन्ट जोडाई भई कर्कटपाताको छाना भएको | ३.५० | ३.०० |
| | आर.सि.सि., सिमेन्ट प्लाष्टर गरी कर्कटपाताको छानो वा ढलान गरिएको | ४.०० | ३.५० |
| | आर. सि. सि. घर | ५.०० | ४.०० |
| | कम्पाण्डवाल | ४.०० | ३.०० |
| ७९ | घर नक्सा पास प्रमाण पत्रको प्रतिलिपि | ५००.०० | |
| | **पुनश्चः** | | |

| | |
|---|---|
| | गाउंपालिकाको स्वीकृती नलिइ घर तथा संरचना निर्माण गर्नेलाई मापदण्ड भित्र रहेछ भने व्यापारिक क्षेत्रको भए प्रति वर्ग फुट रु. ४ र अन्य क्षेत्र भए रु. ३ थप जरिवाना लिइ प्रकृया अगाडि बढाउने । |
| | तोकिएको अवधि भित्र अभिलेखिकरण गर्न नआएमा माथि उल्लेखित अभिलेखिकरणको दरमा रु. २ थप जरिवाना लाग्नेछ । |
| | नक्सापास गर्ने प्रयोजनका लागि बुंदा नं. १ का लागि आवेदन दस्तुर रु.२५ र अन्यको हकमा रु. १०० लाग्नेछ । |
| | अभिलेखिकरण गर्ने प्रयोजनका लागि आवेदन दस्तुर रु. ५० लाग्नेछ । |

प्रमाणिकरण मितिः २०७८।०६।१९